Australian Government
Department of Infrastructure, Transport, Regional Development, Communications and the Arts

# दर्जा (ratings) भनेको के हो?

Nepali | नेपाली

सामान्यतया, चलचित्रहरू, कम्प्युटर गेमहरू र केही प्रकाशनहरू अष्ट्रेलियामा सार्वजनिक गराउनु अघि वर्गीकृत हुनुपर्छ।

वर्गीकृत दर्जाले तपाईंलाई के हेर्ने, खेल्ने र पढ्ने भन्ने बारे सूचितरुपमा छनौट गर्न मद्दत गर्दछ।

## चलचित्र र कम्प्युटर गेमहरूको लागि सल्लाहकारी दर्जाहरु

### सामान्य (G), अभिभावकीय मार्गदर्शन (PG) र परिपक्व (M)

यी दर्जाहरु सल्लाहकारी वर्गहरू हुन्। यी चलचित्रहरू र कम्प्युटर गेमहरू हेर्न र/वा खेल्नको लागि कुनै कानुनी प्रतिबन्धहरू छैनन्।

**सामान्य (G)**

**यो सामग्रीको प्रभाव निकै हल्का हुन्छ**

G (सामान्य) वर्गीकृत चलचित्र र कम्प्युटर गेम सबैका लागि उपयुक्त हुन्छन्। यसमा धेरै साना बच्चाहरू डराउन सक्ने सामग्री हुनसक्छ।

**अभिभावकीय मार्गदर्शन (PG)**

**यो सामग्रीको प्रभाव हल्का हुन्छ**

PG (अभिभावकीय मार्गदर्शन) वर्गीकृत चलचित्र र कम्प्युटर गेम मा बच्चालाई भ्रमित वा अप्ठ्यारोमा पार्ने सामग्री हुन सक्छ र आमाबाबु वा अभिभावकको मार्गदर्शन आवश्यक पर्दछ।
यो आमाबाबु वा अभिभावकको मार्गदर्शन बिना १५ वर्ष भन्दा कम उमेरका बच्चाहरुले हेर्न को लागी सिफारिस गरिएको छैन।

**वयस्क (M)**

**यो सामग्रीको प्रभाव मध्यम हुन्छ**

वयस्क (M) वर्गीकृत चलचित्र र कम्प्युटर गेम १५ वर्ष भन्दा कम उमेरका बच्चाहरुले हेर्नका लागी सिफारिस गरिएको छैन। यसमा हिंसाका सामग्री र वयस्कको दृष्टिकोणले हेर्नुपर्ने विषयवस्तुहरू हुन सक्छन्।
१५ वर्ष भन्दा कम उमेरका बच्चाहरूले कानूनी रूपमा यो सामग्री पहुँच गर्न सक्छन्।
आमाबाबु र अभिभावकहरूले उनीहरूको हेरचाहमा रहेका बच्चाको लागि उपयुक्त छ कि छैन भनेर निर्णय गर्नु अघि चलचित्र वा कम्प्युटर गेममा रहेको सामग्रीको बारेमा थप जानकारी पत्ता लगाउन आवश्यक हुन सक्छ।

# चलचित्र र कम्प्युटर गेमहरूको लागि प्रतिबन्धित दर्जाहरु

## वयस्कका साथमा (MA 15+) र प्रतिबन्धित (R 18+)

निम्न दर्जाहरु कानुनी रूपमा प्रतिबन्धित वर्गहरू हुन्। यसको मतलब यी चलचित्रहरू र कम्प्युटर गेमहरू पहुँच गर्न कानुनी प्रतिबन्धहरू छन्।

**वयस्कका साथमा (MA 15+)**

**यो सामग्रीको प्रभाव कडा हुन्छ**

MA 15+ वर्गीकृत चलचित्रहरू र कम्प्युटर गेमहरू कानूनी रूपमा १५ वर्ष र सो भन्दा माथिका मानिसहरूका लागि प्रतिबन्धित छन्। यसमा यौन दृश्यहरू र लागूपदार्थको प्रयोग जस्ता सामग्रीहरू समावेश हुन सक्छन् जसले दर्शकहरूमा बलियो प्रभाव पार्न सक्छ।
व्यक्तिलाई MA 15+ चलचित्र वा कम्प्युटर गेम खरिद गर्नु, भाडामा लिनु वा हेर्नु अघि आफ्नो उमेरको प्रमाण देखाउन आग्रह गर्न सकिन्छ।
आमाबाबु वा वयस्क अभिभावकले टिकट खरिद गरी चलचित्रघरमा चलचित्रको अवधिभर १५ वर्षभन्दा कम उमेरका व्यक्तिलाई साथ दिनु पर्छ वा MA 15+ चलचित्र वा गेम खरिद गर्दा उनीहरूसँगै हुनुपर्छ।

**प्रतिबन्धित (R 18+)**

**यो सामग्रीको प्रभाव उच्च हुन्छ**

R 18+ को रूपमा वर्गीकृत चलचित्रहरू र कम्प्युटर गेमहरू कानुनी रूपमा १८ वर्ष र सोभन्दा माथिका वयस्कहरूका लागि प्रतिबन्धित छन्। यसमा वयस्क समुदायका केहि भागहरूलाई आपत्तिजनक हुन सक्ने सामग्रीहरु समावेश हुन सक्छन्।
व्यक्तिलाई R 18+ चलचित्र वा कम्प्युटर गेम किन्नु वा हेर्नु अघि आफ्नो उमेरको प्रमाण देखाउन आग्रह गर्न सकिन्छ।

# अस्लिल फिल्महरूको लागि प्रतिबन्धित दर्जाहरु

**प्रतिबन्धित ( X 18+)**

X 18+ को रूपमा वर्गीकृत चलचित्रहरू कानूनी रूपमा १८ वर्ष र सोभन्दा माथिका वयस्कहरूमा प्रतिबन्धित छन्। यसमा वास्तविक यौन सम्पर्क वा सहमतिसाथ वयस्कहरू बीच भएका अन्य यौन गतिविधि सहितको स्पष्ट यौन गतिविधि समावेश हुन्छन्।

# दर्जा दिनु अघि

**वर्गीकरण (CTC) जाँच गर्नुहोस्**

अवर्गीकृत चलचित्र वा कम्प्युटर गेमको विज्ञापन गरेमा त्यसलाई 'Check the Classification' वा CTC गरिनेछ।
तपाईंले चलचित्र वा कम्प्युटर गेमको रिलीज मिति नजिकीदै गर्दा वर्गीकरण जाँच गर्नुपर्छ। सामग्री वर्गीकृत भएपछि, दर्जा विज्ञापनमा देखा पर्नुपर्छ।

# चलचित्र र कम्प्युटर गेमहरूको लागि उपभोक्ताको सल्लाह

उपभोक्ताको सल्लाहले तपाईंलाई तपाईंले के हेर्ने र खेल्ने भन्ने बारे सूचित छनौट गर्न मद्दत गर्दछ। यसले चलचित्र वा कम्प्युटर गेममा सबैभन्दा प्रभावकारी सामग्रीको बारेमा जानकारी प्रदान गर्दछ। उपभोक्ताको सल्लाहमा सामान्यतया छ वटा वर्गीकरणयोग्य तत्वहरूको सन्दर्भ समावेश हुन्छ: विषयवस्तु, हिंसा, भाषा, लागूपदार्थको प्रयोग, नग्नता र यौन।

कम्प्यूटर गेमहरूको लागि उपभोक्ताको सल्लाहले अनलाइन अन्तरक्रियाशीलता, इन-गेम खरिदहरू वा सिमुलेटेड जुवाहरू छन् कि भन्ने पनि नोट गर्दछ।

# प्रकाशनहरूको लागि दर्जा

पत्रिकाहरू सहित अधिकांश प्रकाशनहरूलाई वर्गीकरणको आवश्यकता पर्दैन र कानुनी रूपमा किन्न र जोकोहीले पढ्न सक्छन्। वर्गीकरण अस्वीकार गरिएका वा वयस्कहरूमा सीमित हुने प्रकाशनहरूलाई मात्र वर्गीकरण आवश्यक हुन्छ।

## अप्रतिबंधित




**अप्रतिबंधित**

जोकोहीले एक अप्रतिबंधित प्रकाशन किन्न सक्छन्।




अप्रतिबन्धित प्रकाशनहरूमा १५ वर्ष मुनिका बालबालिकालाई सिफारिस नगरिएको सामग्री समावेश हुन सक्छ।
यी प्रकाशनहरूमा M (वयस्क) को उपभोक्ता सल्लाह हुनेछ - १५ वर्ष मुनिका पाठकहरूका लागि सिफारिस गरिएको छैन।

## प्रतिबन्धित

Category 1 Restricted र Category 2 Restricted का रूपमा वर्गीकृत प्रकाशनहरू वयस्कहरूलाई मात्र बेच्न सकिनेछ। यसमा नग्नता वा स्पष्ट यौन सामग्री जस्ता वयस्क समुदायका केही लाई अपमान गर्ने सामग्री समावेश हुन्छ।




**श्रेणी १ प्रतिबन्धित (Category 1 Restricted)**

यी प्रकाशनहरूमा सामान्यतया यौनजन्य नग्नताका तस्बिरहरू हुन्छन् र यसलाई सिल गरिएको र्यापरमा वितरण गरिनुपर्छ। यसको आवरण सार्वजनिक प्रदर्शनको लागि उपयुक्त हुनुपर्छ।




**श्रेणी २ प्रतिबन्धित (Category 2 Restricted)**

यी प्रकाशनहरूमा सामान्यतया सहमतिसाथ वयस्कहरू बीचको वास्तविक यौन गतिविधिका चित्रहरु हुन्छन्। यी केवल वयस्कहरू मात्र जना मिल्ने प्रतिबन्धित परिसरहरूमा बिक्रीको लागि प्रदर्शन गर्न सकिन्छ।

# वर्गीकरण अस्वीकृत गरिएको (Refused Classification)

वर्गीकरण अस्वीकृत गरिएको (RC) ले अष्ट्रेलियामा बेच्न, भाडामा लिन, विज्ञापन गर्न वा कानुनी रूपमा आयात गर्न नसकिने चलचित्रहरू, कम्प्युटर गेमहरू र प्रकाशनहरूलाई जनाउँछ। RC को रूपमा वर्गीकृत सामग्रीमा समावेश विषयवस्तु सामान्यतया-स्वीकार गरिएको समुदायको मापदण्ड भन्दा बाहिर हुन्छ र R 18+ र X 18+ दर्जामा समावेश गर्न सकिने भन्दा अधिक हुन्छ।